यो आयोजना तथ्याङ्क विवरण अनुवाद २०७२ कात्तिक ९ (२६ अक्टोबर २०१५) को अङ्ग्रेजी मूल संस्करणमा आधारित छ ।

ADB ASIAN DEVELOPMENT BANK

# नेपाल : कृषि क्षेत्र विकास कार्यक्रम

| | |
|---|---|
| आयोजनाको नाम | **कृषि क्षेत्र विकास कार्यक्रम**<br>Agriculture Sector Development Program |
| आयोजना नम्बर | ४८२१८-००२ |
| देश | नेपाल |
| आयोजनाको अवस्था | प्रस्तावित |
| आयोजनाको प्रकार / सहायताको रूपरेखा | ऋण |
| लगानीको स्रोत / रकम | **ऋण : कृषि क्षेत्र विकास कार्यक्रम**<br>एसियाली विकास कोष ५करोड अमेरिकी डलर |
| रणनीतिक कार्यसूची | वातावरणीय रूपमा दिगो वृद्धि<br>समावेशी आर्थिक वृद्धि |
| परिवर्तनका संवाहक | सुशासन र क्षमता विकास<br>साझेदारी<br>निजी क्षेत्र विकास |
| क्षेत्र/उपक्षेत्र | **कृषि, प्राकृतिक स्रोत र ग्रामीण विकास -** कृषि नीति, संस्थागत र क्षमता विकास - ग्रामीण बजार पूर्वाधार |
| लैङ्गिक समता र मूलप्रवाहीकरण | प्रभावकारी लैङ्गिक मूलप्रवाहीकरण |
| वर्णन | प्रस्तावित कृषि क्षेत्र विकास कार्यक्रम (एएसडीपी) ले नेपालमा कृषि क्षेत्रको दिगो र प्रतिस्पर्धी विकासलाई प्रवर्द्धन गर्नेछ । व्यापक र एकीकृत तवरबाट कृषि विकास रणनीति (एडीएस) को कार्यान्वयनमा सहयोग गर्न यसले नीतिमा आधारित कार्यक्रम र लगानीका हिस्साहरूलाई समेट्ने छ । आयोजनाको कार्यक्रमको हिस्साले एडीएसमा पहिचान गरिएका मूख्य नीतिगत सुधारमार्फत कृषिको प्रतिस्पर्धात्मक क्षमता तथा बजारीकरणमा सुधार गर्नसहयोग र प्रवर्द्धन गर्नेछ । लगानी सम्बन्धी हिस्साले बजार पूर्वाधार मूल्य श्रृङ्खलाको विकास, ग्रामीण यातायात सम्पर्क सञ्जाल र नेपालमा पूर्वी, मध्य, पश्चिम र मध्य तथा सुदूर पश्चिम क्षेत्रका चार क्षेत्रमा खाद्य सुरक्षाको प्रयत्नमा लागि सहयोग गर्नेछ । कार्यक्रमबाट सिर्जना गरिने समकक्षी कोष कृषि क्षेत्रको विकासका लागि |

| | |
|---|---|
| | अङ्कित गरी त्यसैमा लगाइने छ ।<br><br>कृषि क्षेत्र विकास कार्यक्रमले नेपालमा प्रतिस्पर्धी र समावेशी कृषि क्षेत्र विकास गर्ने कृषि विकास रणनीतिको विकास सम्बन्धी परिकल्पनामा योगदान पुऱ्याउने छ । यस प्रयोजनका लागि कृषि क्षेत्र विकास कार्यक्रमले सरकार, निजी क्षेत्र र लाभ प्राप्तकर्ताहरूसँगको संयुक्त प्रयास मार्फत कृषि विकास रणनीतिका नतिजा हासिल गर्न परिकल्पना गरिएका नीति र संस्थागत सुधार एवम् प्राथमिकताको लगानीका आयोजनाहरूलाई सहयोग गर्नेछ । कृषि क्षेत्र विकास कार्यक्रमको प्रभाव कृषि क्षेत्रको तीव्र वृद्धि हुनेछ । कृषि क्षेत्र विकास कार्यक्रमको प्रतिफल समावेशी, बजारमुखी र प्रतिस्पर्धी कृषि क्षेत्रको विकास हुनेछ । यसको कार्यक्रमसम्बन्धी हिस्साका प्रतिफलहरूमा (१) कृषि विकास रणनीतिको कार्यान्वयन गर्न संस्थागत र नीतिगत सुधार, र (२) कृषि सामग्रीको आपूर्ति र वितरणमा सुधार रहेका छन् । यी प्रतिफलहरूका लागि विभिन्न नीति वा कानुनी व्यवस्था गर्नु पर्ने र/वा सुधार गर्नु आवश्यक हुनेछ र यसले लगानीको हिस्सालाई परिपूरण गर्नेछ । लगानीको हिस्साका प्रतिफलहरूमा (१) कृषि व्यापारका पूर्वाधारहरूमा सुधार, (२) ग्रामीण सम्पर्क सञ्जाल विस्तार र सुधार, र (३) कृषि विस्तार र अनुसन्धान सुदृढीकरण रहेका छन् । आयोजना निर्माण र अनुगमनको कार्यढाँचा परिशिष्ट १ मा रहेको छ । |
| आयोजनाको औचित्य र राष्ट्रिय/क्षेत्रीय रणनीतिसँगको सम्बन्ध | सन् १९९७ मा दीर्घकालीन कृषि योजना (एपीपी) लागु गरिएपछि नेपालमा कृषि क्षेत्रले केही क्षेत्रमा प्रगति हासिल गरेको छ । ग्रामीण सडक, बागवानी र सामुदायिक वनले परिकल्पना गरिएको लक्ष्य हासिल गरेका छन् । खाद्यान्न, मलखाद र बिउको लक्ष्य प्राप्ति कमजोर रहेको छ; पशुपालन र सिँचाइको लक्ष्यको मिश्रित नतिजा हासिल भएको छ र समग्र कृषि क्षेत्रको वृद्धि लक्ष्य निर्धारण गरिएभन्दा कमजोर रहेको छ । परिकल्पना गरिए अनुसार लगानीमा वृद्धि भएन । राजनीतिक अस्थिरताले दीर्घकालीन कृषि नीतिको कार्यान्वयनका लागि आवश्यक सुधार कार्य मन्द बनायो । साथै, अग्रणी सरोकारवालाहरू कृषक र निजी क्षेत्रलगायत महिला र बहिष्करणमा परेका समूहहरू यसको तर्जुमा र कार्यान्वयनमा सक्रिय सहभागी भएका थिएनन् । सन् २००६ मा अन्त्य भएको १० वर्षे द्वन्द्वले कृषि क्षेत्रमा प्रतिकूल प्रभाव पाऱ्यो । ठुलो सङ्ख्याका ग्रामीण घरधुरीले आफ्नो थातथलो त्याग गरे र सहर वा विदेशमा सरे । ग्रामीण जनसङ्ख्याको यो बसाइ सराइले ग्रामीण क्षेत्रमा कामदार र लगानीको अभाव गरायो । न्यून श्रमिक उत्पादकत्व, न्यून व्यापारीकरण र मूल्य अभिवृद्धि र खाद्य असुरक्षाका सूचकले देखाएका आधारमा अझै पनि कृषि क्षेत्र न्यून विकासको चरणमा रहेको छ । खाद्यान्न व्यापार घाटा बढ्दो र कुपोषण |

उच्च छ ।

नेपालमा कृषि क्षेत्रको वृद्धि दर न्यून हुने क्रम निरन्तर छ, आर्थिक वर्ष सन् २०१३ सम्मका पाँच वर्षमा यो सरदर ३ प्रतिशत रहेको छ । प्रतिस्पर्धी कृषि क्षेत्रका लागि हालैको नीतिगत वातावरण उपयुक्त छैन । नेपालको कुल गार्हस्थ उत्पादन कम गर्न कृषि र गैरकृषि क्षेत्रका बिच समाहित गर्ने कार्यको अभावले काम गरेको छ । जबकि यसका छिमेकी देशहरूले भने कृषि व्यापारमा तीव्र वृद्धि हासिल गरेका छन् र तुलनात्मक रूपमा समृद्ध कृषि व्यापार गरिरहेका छन् । नेपाल यसमा अझै पनि विकासको प्रारम्भिक चरणमा रहेको छ । नेपाल निर्वाहमुखीबाट व्यावसायिक र प्रतिस्पर्धी कृषिमा संरचनात्मक रूपान्तरण गर्न पछि परेको छ । निर्वाहमुखी कृषिको अधिकतर हिस्सा कमजोर ग्रामीण सम्पर्क सञ्जाल र उपयुक्त प्रविधिमा सीमित पहुँच (खेती गर्दा र बाली भित्र्याउने दुवै कार्यमा) र त्यसको प्रयोग; कृषि सामग्रीको सीमित उपलब्धता; कर्जामा पहुँचको कमी र अनुसन्धान तथा विस्तार प्रणालीसँग सम्बन्धित छ, यो मागबाट निर्देशित छैन । सीमित सङ्ख्याका सेवा केन्द्र र स्रोत केन्द्रहरू र नवीनताको कमीले बाह्य पहुँचको विस्तारमा अवरोध गर्दछन् । राष्ट्रिय कृषि अनुसन्धान प्रणाली कृषक र कृषि उद्यमहरूका आवश्यकता पूर्ति गर्न अप्रभावकारी रहेको छ । तापक्रममा भएको वृद्धि र जलवायु परिवर्तनको असर निकै गहन रूपमा अनुभव गरिएको छ, नेपालमा खाद्य असुरक्षा अरू तीव्र हुने अनुमान गरिएको छ ।

गुणस्तरीय मलखादको अपर्याप्त उपलब्धता, बिउ प्रतिस्थापनको न्यून अनुपात र गुणस्तरीय र धान्न सक्ने किसिमका बिउको सीमित उपलब्धता उत्पादकत्वमा सुधारका मुख्य अवरोध रहेका छन् । नयाँ प्रकारको बीउ दर्ता हुन सरदर तिन वर्ष लाग्दछ । सरकारले हालै मात्र बीउ विजन दूरदर्शिता सन् २०१३-२०२५ (Seed Vision 2013-2025) लागु गरेको छ, तर यसको कार्यान्वयन योजना भने तर्जुमा भएको छैन । मलखादको आपूर्ति वार्षिक अनुमानित ७००,००० मेट्रिक टनको मागको तुलनामा कम रहेको छ । देशमा उपयोग हुने रासायनिक मलको एक करिब तिहाइ सरकारबाट आयात हुने गरेको छ । हाल युरियाको आयात मूल्य प्रति मेट्रिक टन ४२२ अमेरिकी डलर रहेको छ, स्थानीय बजारमा यसको मूल्य प्रति मेट्रिक टन १८० अमेरिकी डलर रहेको छ, यसले करिब ५७ प्रतिशत अनुदान रहेको देखाउँछ । राज्यको स्वामित्वमा रहेको कृषि सामग्री कम्पनी लिमिटेड समयमा नै पर्याप्त र नाफामूलक रासायनिक मल आपूर्ति र वितरण गर्न सक्षम हुन सकेको छैन । उल्लेख्य परिमाणमा मलखादको आयात अनौपचारिक रूपबाट हुन्छ, त्यसरी

ल्याइएको धेरै हिस्सा नक्कली वा मिसावटयुक्त हुन्छ, जसले बजारमा मल किन्ने किसानलाई धेरै मल प्रयोग गर्नु पर्ने अवस्था र आर्थिक घाटा गराइ दिन्छ। अनौपचारिक क्षेत्रबाट आउने मलसँग प्रतिस्पर्धा गर्न नसक्दा निजी क्षेत्रले हाल मलखादको आयात गरिरहेको छैन। मलको वितरण प्रणालीमा स्वच्छ प्रतिस्पर्धाको अभाव निजी क्षेत्रको हस्तक्षेपका विरूद्ध हुन्छ। राम्रो लक्ष्य निर्धारण, प्रभावकारिता र दक्षताका लागि मलखादमा दिइँदै आएको विद्यमान अनुदान नीतिमा पुनरावलोकनको आवश्यकता छ। स्वास्थ्य तथा वनस्पति स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको अनुपालन कृषि उत्पादनहरूको व्यापारमा अवरोध र कृषकहरूमा माग निर्देशित वित्तीय तथा बिमाका वस्तुहरूको कमीका कारण कमजोर रहेको छ।

नेपालले अझै पनि परम्परागत साना स्तरका कृषि क्षेत्रहरूलाई कृषि व्यावसायिक उद्योगको रूपमा रूपान्तरण गर्नु पर्ने छ, जसले प्रिमियम र निर्यात बजारलाई पनि सेवा पुर्‍याउँछ। कृषि उत्पादनका लागि आधुनिक थोक बजार सुविधाको अभावले कृषिमा आधारित व्यावसायिक उद्योग वृद्धिको सम्भाव्यतालाई अवरूद्ध गर्दछ। सरोकारवालाहरूका बिच आपसी लाभको सम्बन्ध स्थापना गर्ने र बढ्दो सहरी तथा अन्तर्राष्ट्रिय माग पूरा गर्ने कृषि र मूल्य शृङ्खलाका उदाहरणहरू ज्यादै थोरै मात्र रहेका छन्। महिला र बहिष्करणमा परेका समूहहरू मूल्य शृङ्खलाबाट प्रायः बाहिरै रहेका हुन्छन्। कृषिको व्यापारीकरणका लागि ठेक्कामा खेती (contract farming) गर्नका लागि कानुनी संरचना अपर्याप्त रहेको छ। प्रगतिका बाबजुद नेपालमा ग्रामीण सडक सम्पर्क सञ्जाल अविकसित रहेको छ। कमजोर सम्पर्क सञ्जालले भौतिक र आर्थिक पहुँच अपर्याप्त बनाउँछ। २० प्रतिशतभन्दा कम जनतासमक्ष मात्र सबै मौसममा उपयोग गर्न सक्ने सडकमा पहुँच रहेको छ। विद्यमान सडकहरू राम्ररी मर्मत सुधार गरिएका छैनन् र निर्माणको गुणस्तर कमजोर रहेको छ।

कृषि विकास रणनीतिको तयारी प्रक्रियाको नेतृत्व अन्य १२ वटा विकास साझेदारहरूसहित एसियाली विकास बैंकले गरेको छ। कृषि विकास रणनीति सन् २०१३ मा पूरा भएको थियो र सन् २०१४ भित्र सरकारले स्वीकृत गर्ने अपेक्षा गरिएको छ। कृषि विकास रणनीतिले आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी र समावेशी कृषि क्षेत्रको परिकल्पना गरेको छ, जसले आर्थिक वृद्धिलाई गति दिने र जीवनयापन तथा खाद्य र पोषण सुरक्षामा सुधार ल्याउने छ। समावेशिताको प्रवर्द्धन गर्दा यस परिकल्पनाको प्राप्तिका लागि कृषि विकास रणनीतिले सुशासन, उत्पादकत्व, नाफामूलक व्यावसायीकरण र प्रतिस्पर्धात्मक क्षमतासँग सम्बन्धित चार रणनीतिक अङ्गहरूमार्फत कृषि क्षेत्रको वृद्धि तीव्र बनाउने छ।

| | |
|---|---|
| | यसले खाद्यान्न तथा पोषण सुरक्षा, व्यापारमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि हुने र ग्रामीण घरधुरीको उच्च र बढी समतामूलक आम्दानीको नतिजा ल्याउने अपेक्षा गरिएको छ । दीर्घकालीन कृषि योजनाको अनुभवबाट सिकिएको पाठ कृषि विकास रणनीति तर्जुमा गर्दा समावेश गरिएको छ । यी पाठहरूमध्येबाट सरोकारवालाहरूको प्रभावकारी सहभागिताको प्रवर्द्धन गर्दै सुशासनको सुनिश्चित गर्नु र व्यावसायीकरण र प्रतिस्पर्धात्मकताको प्रवर्द्धन गर्नु आवश्यक रहेको छ । कृषि विकास रणनीति बनेपछि सरकार र विकासका साझेदारहरूबाट यसको कार्यान्वयनमा एसियाली विकास बैंकको नेतृत्वदायी भूमिकाको ठुलो अपेक्षा गरिएको छ । त्यसै अनुरूप युरोपेली संघ, संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास मन्त्रालय, विकास र सहायताका लागि स्विस नियोग र अरूबाट पनि सन् २०१५ मा सहयोग गर्ने कार्यक्रममा कृषि क्षेत्र विकास कार्यक्रम समावेश भएको छ ।<br><br>कृषि विकास रणनीतिको कार्यान्वयनका लागि नीतिगत र लगानी दुवैमा आधारित सहायता आवश्यक पर्ने भएकाले प्रस्तावित कृषि क्षेत्र विकास कार्यक्रमका लागि क्षेत्रगत विकास कार्यक्रमको ढाँचा पुष्टि भएको छ । कृषि विकास रणनीतिमा परिकल्पना गरिए जस्तो नीतिगत सुधार र संस्थागत ढाँचाविना लगानीको हिस्सा पुरा हुँदैन । साथै सुधारका लागि उल्लेख्य आर्थिक, वित्तीय र सामाजिक मूल्यको पनि आवश्यकता हुन्छ । कृषि क्षेत्र विकास कार्यक्रम समावेशी आथिक वृद्धिलाई सहयोग गर्ने नेपाल साझेदारी रणनीति सन् २०१३-२०१७ अनुरूपको छ । नेपाल साझेदारी रणनीतिको कृषि क्षेत्रमा हस्तक्षेपको केन्द्रीय विषय कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व र खाद्य सुरक्षा वृद्धि रहेको छ । |
| प्रभाव | नेपालमा कृषि क्षेत्रको तीव्र वृद्धि भएको |
| प्रतिफल | समावेशी, बजारमुखी र प्रतिस्पर्धी कृषि क्षेत्रको विकास भएको |
| नतिजा | कार्यक्रम<br>१. कृषि विकास रणनीतिको कार्यान्वयन गर्न संस्थागत र नीतिगत सुधार भएको<br>२. कृषि सामग्रीको आपूर्ति र वितरणमा सुधार आएको<br><br>लगानी<br>१. कृषि व्यवसायको पूर्वाधार सुधार भएको<br>२. ग्रामीण सडक सम्पर्क सञ्जाल विस्तार र सुधार भएको<br>३. कृषि विस्तार र अनुसन्धान सुदृढीकरण भएको |

| | |
|---|---|
| भौगोलिक अवस्थिति | |
| **सुरक्षण समूहहरू** | |
| वातावरण | ख |
| अनैच्छिक पुनर्वास | ख |
| आदिवासी जनसङ्ख्या | ख |

| | |
|---|---|
| **वातावरणीय र सामाजिक विषय वस्तुको सारांश** | |
| वातावरणीय पक्षहरू | |
| अनैच्छिक पुनर्वास | |
| आदिवासी जनसङ्ख्या | |
| **सरोकारवालासँगको सञ्चार, सहभागिता र परामर्श** | |
| आयोजना निर्माणको अवधिमा | सरोकारवालाहरूमा (१) अर्थ मन्त्रालय, (२) कृषि विकास मन्त्रालय, (३) सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, (४) स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग (डोलिडार), (५) कृषि विभाग र (६) राष्ट्रिय कृषि अनुसन्धान प्रणाली रहेका छन् । जिल्ला तहमा जिल्ला कृषि विकास कार्यालय र जिल्ला विकास समितिहरू आयोजनाका सरोकारवालाहरू रहेका छन् । यसबाट लाभ पाउनेहरूमा महिला, विपन्न र लाभबाट बञ्चित कृषकहरूसहितका कृषकहरू ग्रामीण समुदाय, उद्यमीहरू, कृषि अनुसन्धानकर्ता र स्थानीय कृषि कार्यकर्ताहरू (extension workers and field personnel) र कार्यान्वयन गराउने र गर्ने निकायहरूका कर्मचारीहरू रहेका छन् । मानिसहरूमा यस आयोजनाको कुनै नकारात्मक असर हुने छैन । लाभ प्राप्तकर्ताहरू लगानीको हिस्सा अन्तर्गतको आयोजना निर्माणको परामर्श सत्रमा सहभागी हुने छन् । |
| आयोजना कार्यान्वयनको अवधिमा | अर्थ मन्त्रालय, कृषि विकास मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय जस्ता प्रारमम्भिक सरोकारवालाहरू र कृषि विकास विभाग र ग्रामीण पूर्वाधार तथा कृषि सडक विभाग (डोलिडार) जस्ता तिनका विभागहरू कार्यक्रमको निर्माणमा संलग्न भइ सकेका छन् र गरिब, सङ्कटापन्न र बहिष्करणमा परेका समूहहरूको समावेशिताका लागि विशेष ध्यान दिइँदैछ । गरिब र बहिष्करणमा परेकाहरू कृषि पूर्वाधार सुधार, ग्रामीण सम्पर्क सञ्जाल, मूल्य शृङ्खलामा समाहित गर्ने, सडकको स्तरोन्नति गर्दाका रोजगारी, सूचना प्रवाह र जिल्ला तथा स्थानीय तहमा कृषि विस्तार सेवाको बाह्य पहुँच जस्ता कृषि पूर्वाधार सुधार तथा गरिब, सङ्कटापन्न र लाभबाट वञ्चित किसानहरूलाई समेट्ने पोषण र अग्रणी बाली बिमा कार्यक्रम जस्ता लगानीको हिस्सा अन्तर्गत कृषि सम्बद्ध गतिविधिहरूमा संलग्न हुने |

| | |
|---|---|
| | छन् । |
| **व्यावसायिक अवसरहरू** | |
| परामर्श सेवा | परामर्श सेवाहरूका लागि हुने नियुक्तिमा परामर्शदाताको प्रयोग सम्बन्धी एसियाली विकास बैंकको निर्देशिका अवलम्बन गरिनेछ । पीपीटीएको क्रममा परामर्शदाता सम्बन्धी प्याकेज तय गरिने छ । |
| खरिद | खरिद प्रक्रियामा एसियाली विकास बैंकको खरिद सम्बन्धी निर्देशिका अवलम्बन गरिने छ । पीपीटीएको क्रममा प्याकेज तय गरिने छ । |

| | |
|---|---|
| जिम्मेवार एडीबी अधिकारी | रिजाउल के. खान |
| जिम्मेवार एडीबी विभाग | दक्षिण एसिया विभाग |
| जिम्मेवार एडीबी महाशाखा | वातावरण, प्राकृतिक स्रोत र कृषि महाशाखा, एसएआरडी |
| कार्यान्वयन गराउने निकायहरू | **सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,** सिंहदरवार, काठमाडौं, नेपाल<br>**कृषि विकास मन्त्रालय,** सिंहदरवार, नेपाल<br>**अर्थ मन्त्रालय,** नेपाल सरकार, सिंहदरवार, काठमाडौं, नेपाल |

| समय तालिका | |
|---|---|
| अवधारणा पारित | २०७१ साउन ८ गते (२४ जुलाई २०१४) |
| तथ्य प्राप्ति | २०७२ माघ २१ देखि २०७२ फागुन ६ सम्म<br>(४ फेब्रुअरी २०१६ देखि १८ फेब्रुअरी २०१६ सम्म) |
| व्यवस्थापन समीक्षा बैठक | २०७३ असार १ (१५ जुन २०१६) |
| स्वीकृति | २०७३ भदौ ३१ (१६ सेप्टेम्बर २०१६) |
| पछिल्लो समीक्षा भ्रमण (मिसन) | - |
| पछिल्लो आयोजना तथ्याङ्क विवरण अद्यावधिक | २०७२ भदौ १ (१८ अगस्ट २०१५) |

आयोजना तथ्याङ्क विवरणमा कुनै पनि आयोजना तथा कार्यक्रमको सारांश जानकारी दिइएको हुन्छ । किनभने आयोजना तथ्याङ्क विवरण भनेको निरन्तर चलिरहेको प्रक्रिया हो । कतिपय जानकारी सुरूकै विवरणमा उपलब्ध नहुन सक्छन् तर त्यस्ता जानकारीहरूलाई समेत क्रमवद्ध रूपमा समावेश गर्दै लगिने छ । प्रस्तावित आयोजनाका बारेमा समावेश गरिएका जानकारीहरू अनुमानित तथा साङ्केतिक हुन् ।

एडिबीबाट यस आयोजना तथ्याङ्क विवरणमा दिइएका सूचनाहरू यसका प्रयोक्ताहरूलाई कुनै पनि किसिमको सुनिश्चितताविना स्रोतका लागि मात्र रहेका छन् । एडिबीले उच्च गुणस्तरको विवरण प्रदान गर्ने प्रयास गर्दा गर्दै पनि यी सूचना कुनै पनि किसिमको वचनवद्धताविना नै “यथा तथ्य”का, व्यावसायिकताको सीमित वचनवद्धता र खास प्रयोजनका लागि उपयुक्तताको वचनवद्धता विनाका तथा अनतिक्रम्य रहेका छन् । एडिबीले विशेष गरी यस्ता कुनै पनि सूचनाको तथ्यपरकता वा पूर्णताका सम्बन्धमा कुनै पनि प्रकारको वचनवद्धता वा प्रतिनिधित्व गर्दैन ।